# कार्यक्रम कार्यान्वयन मार्गदर्शन पुस्तिका

## (प्रदेश र स्थानीय तहका लागि)

## आ. व. २०८०/०८१

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी भक्तपुर

**प्रकाशक:**
नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर
प्रकाशक:
नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर
फोन नं: ९७७-१-६६३०१९३, ६६३८१५२,६६३५१३३,
६६३१२७६, ६६३५८३५, ६६३५९२४, ६६३१३७२, ५६३९४३०
इमेल ठेगान: info@nyc.gov.np
वेवसाइट : www.nyc.gov.np
नोटिसबोर्ड सेवा: १६१८०१६६३५८३५
फेसवुक पेज: National Youth Council Nepal
मोबाइल एप: NYC
युट्युब: National Youth Council

राष्ट्रिय युवा परिषद्-नेपाल
२०६२

मुद्रक : राष्ट्रिय युवा परिषद्
प्रकाशन : २०८० भाद्र

# हाम्रो भनाई

युवाको सर्वाङ्गिण विकास मार्फत्  समुन्नत राष्ट्र निर्माणका लागि सक्षम नागरिक तयार गर्ने नीति निर्माण  देखि कार्यान्वयन  तहसम्म युवालाई अर्थपूर्णरूपमा संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्ने उद्देश्यका साथ वि.स. २०७२ मा राष्ट्रिय युवा परिषद्को स्थापना भएको हो ।

परिषद्ले आफ्नो स्थापनाकालदेखि नै युवा सशक्तीकरण र विकासका क्षेत्रमा संघीय तहमा मात्र नभई प्रदेश तह र स्थानीय तहबाट समेत युवा लक्षित कार्यक्रमहरूलाई प्रभावकारीरूपमा  सँगसँगै अघि बढाईरहेको छ । यसै क्रमको निरन्तरता स्वरूप चालू आ.व.२०८०।८१ मा परिषद्लाई प्राप्त वजेट सीमा भित्र रही  शसर्त अनुदान अन्तर्गत प्रत्येक प्रदेशमा ३ वटा कार्यक्रमका दरले साते वटा प्रदेशमा  र प्रत्येक  जिल्लाका एक एक स्थानीय तह छनोट गरी ७७ वटा स्थानीय तहमा सञ्चालन हुने गरी ३/३ वटा कार्यक्रम पठाइएको छ । युवा लक्षित कार्यक्रम मार्फत् परिषद्लाई प्रदेश र स्थानीय तहसम्म जोड्न यी कार्यक्रमहरु कोशेढुङ्गा हुने अपेक्षा लिईएको छ । तीनै तहका सरकार, युवा सम्बद्ध सरकारी तथा गैरसरकारी संघ संस्था र युवा स्वयंले अपनत्व लिने गरी कार्यक्रम कार्यान्वयन गर्ने कार्यढाँचाको विकास गरिएको छ । यी सबै कार्यक्रमको मूल आशय भनेको युवा विकासका लागि दीर्घकालिन रणनीति युथ भिजन २०२५ ले  परिकल्पना गरेको गुणस्तरीय र ब्यवसायिक शिक्षा, रोजगारी,उद्यमशिलता र सीप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन सहभागिता र नेतृत्व विकास, खेलकुद र मनोरञ्जनलाई अघि बढाउँदै समृद्ध नेपाल र सुखी नेपाली बनाउने राष्ट्रिय अभियानलाई सफल बनाउनु हो।

विगत वर्षहरूमा झैं यस वर्ष पनि संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने गरी तय भएका कार्यक्रमहरूको उद्देश्य र कार्यक्रम कार्यान्वयनको अवधारणा स्पष्ट पार्न, कार्यान्वयन प्रक्रियामा एकरूपता  ल्याउन र कार्यक्रमको मर्मसँग परिचित गराउन, खर्चगर्ने आधार प्रष्टपारी  एकै प्रकारका कामहरूलाई देशभर समान एवं प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याई पिछडिएका र सीमान्तकृत वर्गका युवालाई  समेत  राज्य सयन्त्रको मूल प्रवाहमा ल्याउन  मद्दत पुगोस् भन्नेअभिप्रायले यो कार्यक्रम कार्यान्वयन मार्गदर्शन पुस्तिका तयार पारिएको छ । यस पुस्तिकाबाट वित्तीय अनुशासन कायम राख्न, कार्यक्रम कार्यान्वयनमा पारदर्शिता र एकरूपता कायम गर्न, कार्यक्रमहरूलाई

नतिजामुखी रूपले कार्यान्वयन गर्न र परिषद्का कार्यक्रमका सम्बन्धमा सरोकारवालाहरूले सहज रूपमा जानकारी प्राप्त गरी सेवा लिन र दिन मदत पुग्नेविश्वास लिइएको छ ।

अन्त्यमा यस पुस्तिकाका विषयमा प्राप्त हुने सुझावहरूले राष्ट्रिय युवा परिषद्लाई आगामी दिनका लागि थप पृष्ठपोषण प्रदान गर्ने हुनाले सरोकारवालाहरूबाट रचनात्मक सुझावको अपेक्षा राख्दै पुस्तिका तयार गर्ने कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

२०८० भाद्र

सुरेन्द्र बस्नेत
कार्यकारी उपाध्यक्ष
राष्ट्रिय युवा परिषद्

# राष्ट्रिय युवा परिषदको परिचय

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को प्रस्तावना अनुसार युवाको हक हितको संरक्षण र सम्बर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्ने तथा युवालाई सशक्तीकरण गरी युवा सम्बन्धी विषयको नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरूलाई संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले राष्ट्रिय युवा परिषद् एउटा स्वायत्त संस्थाको रूपमा रहने गरी स्थापना भएको हो। युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा विभिन्न मन्त्रालय तथा राष्ट्रिय योजना आयोगका गरी आठ जना सचिव पदेन सदस्य सहित ३६ सदस्यीय राष्ट्रिय युवा परिषद् गठन हुने व्यवस्था ऐनमा रहेको छ । यसले युवाका हक हितको संरक्षण र सम्बर्द्धन गर्ने समेतका काम गर्दछ । परिषद् अन्तर्गत परिषद्का उपाध्यक्षको अध्यक्षतामा सात सदस्यीय कार्यकारी समिति रहेको छ । यसले परिषद्को कार्यकारी निकायको रूपमा काम गर्दछ । प्रशासनिक कार्यका लागि केन्द्रमा एक जना सहसचिवको नेतृत्वमा निजामती सेवाको कर्मचारीहरु रहेका छन। त्यसैगरी हरेक जिल्लामा जिल्ला युवा समिति रहने व्यवस्था छ । जिल्ला युवा समितिले जिल्ला भित्रका युवा सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम गर्दछन ।

राष्ट्रिय युवा परिषद्-नेपाल

**दूरदृष्टि** (Vision)

नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउदै राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गरी नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउने।

**दीर्घकालीन लक्ष्य** (Mission)

- युवाको नेतृत्व तथा क्षमता विकास
- उद्यमशिलताको विकास र स्वरोजगार
- युवाको पहुँच र सहभागिताको सुनिश्चितता
- समृद्ध राष्ट्र निर्माण

**मान्यता** (Value)

- स्वस्थ,कर्मठ र उद्यमी युवा
- अधिकार र कर्तव्य प्रति सचेत युवा
- समावेशी र सशक्त युवा
- नेतृत्वदायी र स्वाबलम्बी युवा

**उद्देश्य** (Objectives)

१. राष्ट्र निर्माण एवम् राष्ट्रिय विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,
२. युवालाई राष्ट्र एवं राष्ट्रियता, जनता र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित र प्रतिवद्ध बनाउँदै उत्तरदायी र जवाफदेही बनाउने,
३. युवा वर्गमा सिर्जनशीलता, उद्यमशीलता तथा अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रूपमा स्थापित गर्दै उनीहरुमा रहेका क्षमता उजागर गर्ने,
४. श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारिरीक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुसंस्कृत, सिर्जनशील तथा व्यवसायिकरूपमा दक्ष युवा तयार गर्ने,
५. युवाका आधारभूत अधिकारहरु सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरुमा उनीहरुको पहुँच बढाएर राष्ट्रका राजनीतिक, आर्थिक, सामाजिक एवम् सास्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवम कार्यान्वयनमा सहभागी गराउनका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रूपमा स्थापित गर्ने,
६. शिक्षा आर्जनका क्रममा रहेका तथा समाजमा आफ्नो पहिचान स्थापित गर्ने संवेदनशील अवस्थामा रहेका युवाको शिक्षा, रोजगारी वृत्ति लगायतका वैयक्तिक एवं सामाजिक विकासमा सघाउने,
७. प्राथमिकता तथा विशेष प्राथमिकताको समूहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने

**परिषद्का काम, कर्तव्य र अधिकारहरू** (Rights and duties of NYC)

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा ६ तथा नियमावली, २०७३ को नियम ३ मा उल्लेख भए बमोजिम राष्ट्रिय युवा परिषद्को काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम उल्लेख गरिएका छन्:

१. युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,
२. नेपाल सरकारको स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,
३. परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने,
४. विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,
५. युवालाई राष्ट्र निर्माणमा सहभागी हुन तथा मुलक निर्माणमा केन्द्रित भई अधि बढ्न उत्प्रेरित गर्ने,

६. परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,
७. युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण समबन्धी विषयमा नेपाल सरकार लाई सुझाव दिने,
८. परिषद्कोलागि आवश्यक दरवन्दी संख्या निर्धारण गर्ने,
९. परिषद्सँग आबद्ध हुन चाहने संघ वा संस्थालाई आबद्धता प्रदान गर्ने सम्बन्धी शर्त र प्रक्रिया स्वीकृत गर्ने,
१०. युवा सूचना केन्द्र सञ्चालन सम्बन्धी आवश्यक नीति तथा कार्यक्रम स्वीकृत गर्ने,
११. दुर्व्यसनमा लागेका युवालाई पुनःस्थापना गर्न तत्सम्बन्धी संघ वा संस्थासँग सहकार्य गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने,
१२. तोकिए बमोजिमका काम गर्ने गराउने

**प्रदेशमा ससर्त अनुदानको रुपमा हस्तान्तरित कार्यक्रमहरू**

| क्र.स. | कार्यक्रम शीर्षक | विनियोजित बजेट रू हजारमा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कोशी प्रदेश | मधेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुर पश्चिम प्रदेश |
| १ | प्रदेश नमुना युवा संसद अभ्यास कार्यक्रम | ९०० | ८०० | ८०० | ८०० | ८०० | ११०० | ९०० |
| २ | नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम | ४०० | ४०० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| ३ | युवामैत्री स्थानीय तह विकास तथा प्रोत्साहन कार्यक्रम | ६०० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ६०० |
| ४ | युवा बैज्ञानिक सम्मेलन | - | - | - | - | - | ६०० | - |
| | जम्मा | १९०० | १८०० | १८०० | १८०० | १८०० | २७०० | १९०० |

## स्थानीय तहमा ससर्त अनुदान अन्तर्गत
## हस्तान्तरित कार्यक्रमहरू

| बजेट उपशीर्षक | जिल्ला | स्थानीय तहको नाम | जम्मा वजेट | युवा क्लव गठन तथा नमुना संसद अभ्यास कार्यक्रम | युवा स्वयंसेवक विकास र परिचालन | युवा मैत्री स्थानीय शासनका लागि युवाका मुद्दामा बहस पैरवी कार्यक्रम |
|---|---|---|---|---|---|---|
| 80101032 | सुनसरी | धरान उप-महानगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80101110 | झापा | दमक नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80101305 | ताप्लेजुङ् | मैवाखोला गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80101312 | पाँचथर | फाल्गुनन्द गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80101321 | इलाम | सन्दकपुर गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80101331 | संखुवासभा | मकालु गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80101336 | तेह्रथुम | फेदाप गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80101339 | भोजपुर | आमचोक गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80101348 | धनकुटा | साँगुरीगढी गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80101362 | मोरङ् | मिक्लाजुङ गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80101367 | सोलुखुम्बु | महाकुलुङ गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80101373 | खोटाङ् | जन्तेढुंगा गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80101379 | उदयपुर | ताप्ली गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80101388 | ओखलढुङ्गा | सुनकोशी गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80102102 | सप्तरी | खडक नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80102113 | सिरहा | मिर्चैया नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80102127 | धनुषा | मिथिला विहारी नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80102173 | पर्सा | बहुदरमाई नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80102327 | महोत्तरी | सोनमा गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80102332 | सर्लाही | रामनगर गाउँपालिका | 1000 | 450 | 300 | 250 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 80102334 | रौतहट | दुर्गाभगवती गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80102342 | बारा | सुवर्ण गाँउपालिका | 1000 | 450 | 300 | 250 |
| 80103013 | चितवन | भरतपुर महानगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80103117 | काठमाण्डौ | चन्द्रागिरी नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80103128 | भक्तपुर | मध्यपुर थिमी नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80103305 | सिन्धुली | मरिण गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80103313 | रामेछाप | सुनापति गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80103319 | दोलखा | विगु गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80103325 | सिन्धुपाल्चोक | बलेफी गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80103334 | रसुवा | आमाछोदिङमो गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80103337 | धादिङ् | गजुरी गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80103346 | नुवाकोट | ककनी गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80103358 | ललितपुर | महाल गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80103359 | काभ्रेपलाञ्चोक | खानीखोला गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80103369 | मकवानपुर | बाग्मती गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80104107 | स्याङ्जा | पुतलीबजार नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80104118 | लम्जुङ् | राईनास नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80104121 | पर्वत | फलेवास नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80104122 | बाग्लुङ् | गल्कोट नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80104304 | नवलपरासी पुर्व | हुप्सेकोट गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80104311 | तनहुँ | आँबुखैरेनी गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80104323 | गोरखा | शहिद लखन गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80104328 | मनाङ् | नासों गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80104335 | कास्की | माछापुछ्रे गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80104350 | म्याग्दी | धवलागिरी गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80104354 | मुस्ताङ् | घरपझोङ गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80105108 | रूपन्देही | सैनामैना नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80105115 | अर्घाखाँची | भूमिकास्थान नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80105302 | नवलपरासी पश्चिम | पाल्हीनन्दन गाउँपालिका | 1000 | 450 | 300 | 250 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 80105318 | कपिलबस्तु | शुद्धोधन गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80105328 | पाल्पा | रिब्दीकोट गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80105337 | गुल्मी | मालिका गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80105341 | रूकुम पूर्ब | भूमे गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80105350 | रोल्पा | सुनछहरी गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80105357 | प्यूठान | माण्डवी गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80105361 | दाङ् | बंगलाचुली गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80105366 | बाँके | खजुरा गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80105373 | बर्दिया | बढैयाताल गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80106101 | मुगु | छायाँनाथ रारा नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80106306 | डोल्पा | जगदुल्ला गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80106316 | हुम्ला | सिमकोट गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80106320 | जुम्ला | तिला गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80106326 | कालिकोट | पचालझरना गाउँपलिका | 1000 | 450 | 300 | 250 |
| 80106330 | रूकुम पश्(<br>चम | त्रिवेणी गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80106339 | सल्यान | दार्मा गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80106341 | सुर्खेत | चौकुने गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80106347 | जाजरकोट | शिवालय गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80106351 | दैलेख | नौमुले गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80107124 | बैतडी | मेलौली नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80107130 | कन्चनपुर | बेलौरी नगरपालिका | 1000 | 450 | 300 | 250 |
| 80107306 | कैलाली | मोहन्याल गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80107312 | डोटी | बोगटान फुडिसल गाउँप(<br>ालिका | 1000 | 450 | 300 | 250 |
| 80107318 | अछाम | मेल्लेख गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80107324 | बाजुरा | हिमाली गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80107331 | बझाङ् | दुर्गाथली गाँउपालिका | 1000 | 450 | 300 | 250 |
| 80107335 | दार्चुला | अपिहिमाल गाउँपालिका | 1000 | 450 | 300 | 250 |
| 80107349 | डडेलधुरा | आलिताल गाउँपालिका | 1000 | 450 | 300 | 250 |

## स्थानीय तहमा गएका ससर्त अनुदान अन्तर्गतका कार्यक्रमको कार्यान्वयन प्रक्रिया

### १. युवा क्लव गठन तथा नमुना संसद अभ्यास कार्यक्रम

यस कार्यक्रमका लागि प्रत्येक जिल्लाका १/१ वटा स्थानीयतहमा रू ४ लाख ५० हजारका दरले विनियोजन भएको छ । यो कार्यक्रम विशेषत युवाको नेतृत्व क्षमताको विकास गर्न उपयुक्त प्लेटफर्म निर्माणका लागि ल्याइएको कार्यक्रम हो। यो कार्यक्रम प्रदेशमा सञ्चालन हुने प्रदेश नमुना युवा संसद अभ्यास कार्यक्रम र केन्द्रमा सञ्चालन हुने संघीय नमुना युवा संसद अभ्यास (Mock Youth Parliament) कार्यक्रमसँग अन्तर सम्बन्धीत भएको हुँदा स्थानीय तहले समयमै देहायअनुसारको प्रक्रिया पूरा गरी कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।

- आजका युवा भोलिका देशका कर्णधार मात्र नभई वर्तमानका साझेदार समेत भएकोले उनीहरूलाई देशको संविधान, कानून, संसदीय प्रक्रिया, राष्ट्रियता, अनुशासन, पद्धति र हरेक संस्थाको नेतृत्व कौशल र जवाफदेहिता सिकाउँदै नयाँ पुस्तालाई एक असल, सक्षम र दुरदर्शी नेतृत्व निर्माण गर्ने उद्देश्य राखिएको छ ।
- यो कार्यक्रमले आजका युवालाई अधिकार खोज्ने मात्र हैन आफ्नो कर्तव्य र जिम्मेवारीलाई पनि आत्मसात गर्ने बानीको विकास गराउने उद्देश्य राखेको छ । राष्ट्रिय युवा परिषद्ले बनाएको कार्यविधि तथा यस कार्यक्रमको पाठ् यक्रमका आधारमा स्थानीय, प्रदेश र संघीय तहमा चार दिवसीय नमूना युवा संसदको अभ्यास गर्ने गरिएको छ । यसमा स्थानीय तहमा गाउँसभा र नगर सभा, प्रदेश स्तरमा प्रदेश सभा र संघीय तहमा प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका संसदीय अभ्यास गर्ने गरिएको छ ।
- यस कार्यक्रमको मूल आधार भनेको स्थानीय तहको प्रत्येक वडामा गठन हुने युवा क्लबहरु हुन्। युवाक्लब गठन तथा नमुना युवा संसद सञ्चालन कार्यविधि,२०७५ बमोजिम युवाक्लबबाट छनौट भई आएका युवाहरूलाई सहभागी गराई नमुना गाउँ/नगरसभाको अभ्यास गराउनु पर्ने छ ।
- यसबाट युवाको नेतृत्व क्षमता विकासका साथसाथै उनीहरूको प्रतिभा प्रस्फुटन, आत्मविश्वास जागृत गराउनुका साथै आत्मानुशासन, राष्ट्रियता र सम्बन्धीत विषयको विशेषज्ञताका लागि पूर्व तयारी गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो।

## कार्यक्रम कार्यान्वयन प्रकृया :

### १. वडा युवाक्लब गठन

स्थानीय तहको प्रत्येक वडामा युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधिको नियम ३ सम्वन्धित वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यको संरक्षकत्वमा १५ सदस्यीय १६ देखि २४ बर्ष उमेर समूहका युवाको वडास्तरीय युवाक्लब कार्यसमिति गठन गर्ने । यसरी गठन गरिएको समितिमा कम्तिमा ५० प्रतिशत महिला अनिवार्य राख्नुपर्ने छ ।

### २. स्थानीय तहको नमुना युवा गाँउ/नगर सभाका सहभागि छनौट

- सम्वन्धित वडाक्लब कार्यसमितिले छानी पठाएका गाँउपालिकाको हकमा प्रत्येक वडाबाट ३/३ जना र नगरपालिकाको हकमा २/२ जना १६ देखि २४ बर्षका युवा
- गाँउपालिकाको हकमा ५ जना र नगरपालिकाको हकमा मनोनित ७ जना १६ देखि २४ बर्षका युवा

### ३ नमुना युवा गाँउ/नगर सभा सञ्चालन

- नमुना युवा गाँउ/नगर सभा ४ दिन (१६ सेसन) अनिबार्य रूपमा सञ्चालन गर्नुपर्ने छ ।
- यो कार्यक्रम आवासीय रूपमा सञ्चालन गर्नुपर्ने छ ।
- कार्यक्रम तय भए पश्चात कम्तिमा १५ दिन अगाबै राष्ट्रिय युवा परिषद्को सुचना प्रविधि शाखामा जानकारी गराउनु पर्ने छ ।

### ४. नमुना युवा गाँउ/नगर सभाको सहजीकरण तथा सहजकर्ताले पाउने सुविधा

- नमुना गाँउ/नगर सभाको सहजीकरणको लगि राष्ट्रिय युवा परिषद्बाट प्रशिक्षक प्रशिक्षण (TOT) लिएका २ जना सहजकर्तालाई पूर्णकालिन सहजकर्ताको रूपमा प्रयोग गर्नुपर्ने छ ।
- स्थानीय तहले राष्ट्रिय युवा परिषद्संग सहजकर्ता माग गरी पत्राचार गर्नुपर्नेछ ।राष्ट्रिय युवा परिषद्ले २ जना सहजकर्ता खटाई पठाउने छ ।
- राष्ट्रिय युवा परिषद्बाट खटिएका सहजकर्तालाई सम्वन्धित स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि प्राप्त शसर्त अनुदानबाट रा.प. तृतीय श्रेणीको कर्मचारीले पाउने नियमानुसारको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउनु पर्ने छ ।
- नियमानुसार दैनिक तथा भ्रमण खर्चको लागि दिन हिसाब गर्दा आउँदा जाँदा लाग्ने बाटोको दिन तथा कार्यक्रम तयारीको लागि कार्यक्रम सुरूहुनुभन्दा अगाडि २ दिन समेत हिसाब गर्नुपर्नेछ ।
- सहजकर्तालाई प्रत्येक सेसन सञ्चालन गरे वापत अर्थ मन्त्रालयको स्वीकृत नर्मसका आधारमा केन्द्रीय प्रशिक्षकले पाउने सहजीकरण भत्ता तथा प्रशिक्षण सामग्री निर्माण खर्च समेत उपलब्ध गराउनु पर्ने छ ।

## ५. बजेट व्यवस्थापन

- स्थानीय तहमा गत विगत बर्षहरुमा गाँउ/नगर सभा अभ्यासको लागि रु ३ लाख पचास हजार बजेट शसर्त अनुदान मार्फत पठाउने गरिएकोमा यस पटक रु १ लाख थप गरि रु ४ लाख ५० हजार पठाइएको छ ।
- उक्त थप गरि पठाइएको रकमबाट युवा परिषद्बाट खटिई आउने सहजकर्तालाई भूक्तानी गर्न पर्ने नियम बमोजिमको दैनिक तथा भ्रमण भत्ताको रकम, सेसन सहजीकरण तथा सामग्री निर्माण खर्च साथै अनुगमन कर्ताको यातायात खर्च वा इन्धन खर्च ( दोहोरो नपर्ने गरी) समेत भूक्तानी गर्न सकिने छ ।

## ६. गाँउ/नगर युवाक्लब सञ्जाल गठन

- गाँउ/नगर स्तरीय नमुना युवा सभा अभ्यासमा सहभागी सबै युवा रहनेगरी गाँउ/नगर स्तरीय नमुना युवा क्लब सञ्जाल गठन गर्नुपर्ने छ ।
- गाँउ/नगर स्तरीय युवा क्लब सञ्जालले आफू मध्येबाट ११ सदस्यीय कार्यसमिति गठन गरी प्रदेश तहमा सञ्चालन हुने नमुना युवा संसद अभ्यासको लागि १ महिला र १ पुरूष गरी २ जना सहभागिहरु छनौट गर्ने छ ।

## ७. प्रतिवेदन

गाँउ/नगर स्तरीय नमुना युवा सभा अभ्यास कार्यक्रम सम्पन्न भए पश्चात सम्वन्धित शाखाले कार्यक्रमको विस्तृत प्रतिवेदन राष्ट्रिय युवा परिषद्को इमेल ठेगाना Info@nyc.gov.np मा तथा प्रदेश युवा परिषद् वा प्रदेश सामाजिक विकास मन्त्रालयमा समेत पठाउनु पर्ने छ । प्रतिवेदनमा कम्तिमा निम्न कुराहरु समावेश गर्नु पर्ने छ ।

१. गाउँतथा नगरपालिकाको संक्षिप्त परिचय (युवाको तथ्याङ्क उपलब्ध भए सम्म समावेश गर्ने)
२. कार्यक्रम सञ्चालनको उद्देश्य
३. अपनाइएको प्रकृया
४. बजेट बांडफाड र खर्चको यथार्थ अवस्था
५. वडा युवाक्लबका सदस्यहरुको नामावली
६. गाँउ/नगर स्तरीय नमुना युवा सभा अभ्यास कार्यक्रममा सहभागिहरुको नामावली
७. कार्यक्रमको उपलब्धि
८. कार्यक्रम सञ्चालनका समस्या तथा चुनौतिहरु
९. सुधारका लागि सुझावहरु

## २. युवा स्वयंसेवक परिचालन

राष्ट्रिय युवा परिषद्ले समाजका विभिन्न क्षेत्रमा युवा स्वयंसेवक परिचालन गर्ने कार्यलाई उच्च महत्व दिएको छ । पन्ध्रौ योजनाले विकास निर्माण, स्वास्थ्य, शिक्षा, कृषि, वातावरण र सामाजिक विकास, विपद् व्यवस्थापन कार्यमा ब्यापकरूपमा युवा स्वयंसेवक परिचालन भएका हुनेछन् भन्ने अपेक्षा गरेको छ । यस योजनाले युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने रणनीति लिएको छ ।पन्ध्रौ योजनाले मुलुकको आर्थिक तथा सामाजिक विकासमा युवालाई जिम्मेवार बनाउन स्वयंसेवा कार्यलाई अभियानको रूपमा सञ्चालन गरिने छ । सामाजिक कुरीति अन्ध विश्वास विभेद र असमानता विरूद्ध युवा परिचालन गरिनेछ भन्ने दुई वटा कार्यनीति तय गरेको छ ।

सामाजिक जागरण र समृद्धिका अभियानहरूमा युवा स्वयंसेवकको परिचालनबाट नै समाजका विभिन्न क्षेत्रमा सकारात्मक परिवर्तन आई सामाजिक रुपान्तरण सम्भव हुनसक्छ भन्ने मान्यतामा परिषद् विश्वस्त रहदै आएको छ । तर युवा स्वयंसेवकको गुणात्मक पक्षलाई ख्याल गर्नु पर्ने विषयलाई पनि नजर अन्दाज गर्न मिल्दैन।स्वयंसेवीय कार्यलाई सस्कृतिकै रूपमा विकास गर्न यस कार्यक्रमलाई दिगो रूपमा सञ्चालन गर्न पर्ने आवश्यकतालाई मध्यनजर गर्दै यस आ.व. देखि युवा परिषद्ले युवा स्वयंसेवक विकास तथा परिचालन सम्बन्धी कार्यक्रम स्थानीय तहमा गठन हुने युवा वडा क्लव मार्फत सञ्चालन गर्ने रणनीति लिएको छ । सम्बृद्ध मुलुक निर्माणका लागि युवा स्वयंसेवकको विकास गरी रोष्टर तयार गरी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँगको समन्वय र सहकार्यमा युवा परिचालन गर्ने प्रणालीको स्थापना गर्न र युवाहरूलाई स्वयंसेवामा आकर्षित गर्ने यो कार्यक्रमको मुल उद्देश्य हो। देश विकासमा युवाको सीप र क्षमताको उपयोग गर्न यस कार्यक्रमले मद्धत गर्ने अपेक्षा लिइएको छ ।

### क. सहभागि छनौट

- स्थानीय स्तरमा वडा युवा क्लव गठन नभएको भए वडा युवाक्लव गठन गर्ने । वडा क्लवको अभिलेख स्थानीय तहले अध्यावधी गरी राख्ने। वडा युवाक्लबका सदस्यहरु स्वयंसेवा गर्न चाहने ४० जना युवाहरु छनौट गरि पठाउने । यसरी युवा छनौट गर्दा प्रत्येक वडाबाट छनौट हुने युवाको संख्या स्थानीय तहले तोके बमोजिम हुने छ ।
- सम्वन्धित स्थानीय तहले मनोनित गरेका १० जना युवा
- सहभागि छनौट गर्दा समावेशितालाई मध्यनजर दिदै सम्भव भए सम्म कुल सहभागि संख्याको ५० प्रतिशत महिलाको प्रतिनिधित्व गराउनु पर्ने छ ।
- सहभागि छनौट गर्दा स्वयंसेवा गर्ने रूची भएका विद्यालय वा कलेज तहको अध्यन पूरा गरी नतिजाको पर्खाइमा वसेका वा अन्य कुनै पेशाव्यवसायमा आवद्ध भै फुर्सदको समयमा स्वयंसेवा गर्न समय उपलब्ध गराउन सक्ने स्थानीय युवालाई समेट्नु पर्ने छ ।आर्थिक रूपमा विपन्न बर्गका युवालाई प्राथमिकता दिनु पर्ने छ ।

**ख. कार्यक्रम सञ्चालन**

- स्वयंसेवक प्रशिक्षण कार्यक्रम  विषय वस्तुको आधारमा २ देखि ३ दिन सञ्चालन गर्नुपर्ने छ ।
- स्वयंसेवकको प्रशिक्षणमा स्वयंसेवाको परिभाषा महत्व, स्वयंसेवकले पालन गर्नु पर्ने आचार संहिता लगायतका विषयबस्तु सँगसँगै जुन विषय क्षेत्रकालागि स्वयंसेवक विकास र परिचालन गर्न लागिएको हो सोही विषयसँग सम्बन्धीत विषय विज्ञबाट सम्बन्धीत विषयको आधारभूत जानकारीहरू प्रदान गरी स्वयंसेवकले गर्नु पर्ने काम कर्तव्यको बारेमा प्रशिक्षण गराउनु पर्ने छ ।
- यस कार्यक्रमका लागि सबै स्थानीय तहमा रू ३ लाखका दरले वित्तीय हस्तान्तरण भएको छ । स्थानीय तहको अबस्थिति र आवश्यकता समेतका आधार मा सम्भावित विषय क्षेत्रमा स्वयंसेवा गर्न चाहने युवाहरूको रोष्टर तयार गरी युवाहरूलाई प्रशिक्षण र  परिचालन गर्ने कार्यमा यो रकम खर्च गर्नु पर्ने छ । तालिममा सहभागि र परिचालन भएका युवाहरूको विवरण युवा परिषद्को मेल ठेगाना  क्षलायरलथअ.नयख.लउ मा अनिवार्य रूपमा पठाउनु पर्ने छ ।

**स्वयंसेवक परिचालनका सम्भावित विषय क्षेत्रहरू**

- विपद् व्यवस्थापन तथा पूर्वतयारी
- कृषिमा आधुनिकीकरण
- वातावरण संरक्षण
- सामाजिक कूरीति विरूद्धका अभियानहरु
- ट्राफिक सचेतना तथा स्वयंसेवक कार्यक्रम
- स्वास्थ्य सम्बन्धी विभिन्न अभियानहरु
- शिक्षा सम्वन्धि विभिन्न अभियान
- युवा तथा खेलकुद सम्वन्धि विभिन्न कार्यक्रमहरु
- मानवता प्रवर्द्धनकालागि युवा
- पर्यटन प्रवर्धन क्षेत्रमा युवा
- सम्वन्धित गाउँ/ नगरपालिकाले उपयुक्त ठहर गरेको अन्य सम्भावित क्षेत्र

## ३. युवा मैत्री स्थानीय शासनका लागि युवाका मुद्दामा बहस पैरवी कार्यक्रम

राष्ट्रिय युवा परिषद्ले युवा मैत्री स्थानीय शासनकालागि युवा मैत्री स्थानीय तह सम्बन्धी सूचकहरूका आधारमा स्थानीय तहको मूल्याङ्कन गर्दै पुरस्कृत गर्ने कार्यक्रम विगत वर्षदे खि गर्दै आइरहेको छ । तर उक्त कार्यक्रममा स्थानीय तहहरूको सहभागिता न्यून रहे को पाइएकोले यस वर्षबाट युवा परिषद्मा रहेको युवामैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रमलाई सहयोग हुने गरी स्थानीय तहमा ससर्त कार्यक्रम अन्तर्गत युवा मैत्री स्थानीय शासनका लागि युवाका मुद्दामा बहस पैरवी कार्यक्रम हस्तान्तरण गरिएको छ ।

राष्ट्रिय युवा परिषद्बाट युवा मैत्री स्थानीय तह निर्माणकालागि युवाका मुद्दामा बहस पैरवी कार्यक्रम सञ्चालनका गर्न रु २ लाख ५० हजार वित्तिय हस्तान्तरण गरिएको छ । सम्वन्धित स्थानीयतहले यस कार्यक्रमलाई १ दिवसीय गाउँ तथा नगर स्तरीय युवा सम्मेलनकारूपमा सञ्चालन गर्नु पर्ने छ । उक्त सम्मेलनमा स्थानीय तहमा युवाका जल्दावल्दा समस्याका विषयमा छलफल गर्ने, युवा मैत्री स्थानीय तह निर्माणका लागि स्थानीय तहले पूरा गर्नुपर्ने सूचकहरूको सम्बन्धमा छलफल गर्ने र त्यस्ता सूचकहरूको अभिलेखीकरण गर्ने, स्थानीय स्तरमा युवा परिचालन सम्वन्धि योजना र कार्यक्रम तर्जुमा, स्थानीय तहमा युवा सम्वन्धी कार्य गर्ने संरचनाको निर्माण र व्यवस्थापन, वडा युवा क्लवहरु तथा युवाक्लब सञ्जालहरु बीच समन्वय बैठक सञ्चालन, स्थानीय स्तरका सरकारी तथा गैर सरकारी युवा संबद्ध संथाहरू बीच सहकार्य तथा स्थानीय स्तरमा सञ्चालित आयोजनाहरूमा युवाहरूको सहभागितालाई वढाउने जस्ता विषय र क्रियाकलापमा केन्द्रित रही कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।

कार्यक्रम सञ्चालनकालागि प्राविधिक सहयोगको आवश्यकता परेमा राष्ट्रिय युवा परिषद्बाट प्राविधिक सहयोग लिन सकिने छ ।

कार्यक्रम सञ्चालन पश्चात कार्यक्रमका सहभागि, विषयबस्तु तथा उक्त सम्मेलनले पारित गरेको प्रतिवद्धतापत्र सहितको प्रतिवेदन राष्ट्रिय युवा परिषद्को मेल ठेगान Info@nyc.gov.np मा अनिवार्य रूपमा पठाउनु पर्ने छ ।

**कार्यक्रमको उद्देश्य**

१. युवा मैत्री स्थानीय तह निर्माण र कार्यक्रम सञ्चालनको लागि स्थानिय तहमा युवा सम्वन्धि सस्थागत संरचनाको स्थापना गर्न प्रोत्साहन गर्ने।
२. युवालाई स्थानीय तहसँग प्रत्यक्ष रूपमा जोड्ने र युवाको नेतृत्व क्षमता वृद्धि गर्ने।
३. युवाका मुद्दाहरूमा वहस पैरवी गर्दै युवाहरूलाई नीति निर्माण देखि कार्यान्वयन सम्म सहभागी गराउने

## प्रदेश तहमा सञ्चालन हुने कार्यक्रमहरू

### १. प्रदेश नमुना युवा संसद अभ्यास कार्यक्रम

यो कार्यक्रम विशेषत युवाको नेतृत्व क्षमताको विकास गर्न उपयुक्त प्लेटफर्म निर्माणका लागि ल्याइएको कार्यक्रम हो।

- आजका युवा भोलिका देशका कर्णधार मात्र नभई वर्तमानका साझेदार समेत भएको ले उनीहरूलाई देशको संविधान, कानून, संसदीय प्रक्रिया, राष्ट्रियता, अनुशासन, पद्धति र हरेक संस्थाको नेतृत्व कौशल र जवाफदेहिता सिकाउँदै नयाँ पुस्तालाई एक असल, सक्षम र दुरदर्शी नेतृत्व निर्माण गर्ने उद्देश्य राखिएको छ ।

- यसबाट आजका युवालाई अधिकार खोज्ने मात्र हैन आफ्नो कर्तव्य र जिम्मेवारीलाई पनि आत्मसात गर्ने बानीको विकास गराउने उद्देश्य राखेको छ । राष्ट्रिय युवा परिषद्ले बनाएको कार्यविधि तथा यस कार्यक्रमको पाठ्यक्रमका आधारमा स्थानीय, प्रदेश र संघीय तहमा चार दिवसीय नमूना युवा संसदको अभ्यास गर्ने गरिएको छ । यसमा स्थानीय तहमा गाउँसभा र नगर सभा, प्रदेश स्तरमा प्रदेश सभा र संघीय तहमा प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका संसदीय अभ्यास गर्ने गरिएको छ ।
- यस कार्यक्रमको मूल आधार भनेको स्थानीय तहको प्रत्येक वडामा गठन हुने युवा क्लबहरु हुन्। युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि,२०७५ बमोजिम युवाक्लबबाट छनौट भई आएका युवाहरु सम्मिलित नमुना गाउँ/नगरसभाको अभ्यासमा सहभागी भएका युवाहरूको प्रतिनिधित्व समेत गर्ने गरिएको छ ।
- यसबाट युवाको नेतृत्व क्षमता विकासका साथसाथै उनीहरूको प्रतिभा प्रस्फुटन, आत्मविश्वास जागृत गराउनुका साथै आत्मानुशासन, राष्ट्रियता र सम्बन्धीत विषयको विशेषज्ञताका लागि पूर्व तयारी गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको हो ।
- प्रदेश स्तरीय चार दिवसीय नमूना युवा संसदमा देहायका युवा प्रतिनिधिहरु सहभागी हुनेछन् ।
  - आ.व. २०७४/७५ देखि चालु आ.व. २०७८/७९ सम्मको अवधिमा स्थानीय तहका वडा स्तरमा कार्यविधि बमोजिम युवाक्लब गठन भई गाउँ/नगर स्तरको नमूना युवा संसद (गाउँसभा वा नगरसभा) सञ्चालन गरेका सबै स्थानीय तहका गाउँ/नगर युवाक्लब सञ्जालबाट छनौट भई आएका २-२ जना (न्युनतम् एकजना महिला) का दरले आएका युवाहरु,
  - उक्त कार्यविधि बमोजिम स्वतन्त्ररुपमा युवा क्लब गठन गरी नमूना युवा संसद सञ्चालन गरेका अन्य स्थानीय तहबाट गाउँ/नगर युवाक्लब सञ्जालबाट छनौट भई आएका दुई-दुई जनाका दरले आएका युवा प्रतिनिधिहरु,
  - त्यसै गरी कार्यविधि बमोजिम प्रदेश सामाजिक विकास मन्त्रालयले तोकेका १६-२४ वर्ष उमेर समूहका दुईजना (कम्तिमा एकजना महिला) युवाहरु,
  - राष्ट्रिय युवा परिषद्ले अनलाइन आवेदन फारामका आधारमा खुलारुपबाट छनौट गरेका ८ जना युवाहरु।

- प्रदेश स्तरमा हुने चार दिवसीय नमूना युवा संसदको अभ्यास राष्ट्रिय युवा परिषद्सँगको समन्वय र परामर्शमा प्रदेश स्तरमा यसै शीर्षक अन्तर्गत ससर्त अनुदानको रूपमा विनियोजित बजेट शीर्षकबाट नियमानुसार सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।
- कार्यक्रम सहजीकरणको लागि सम्वन्धित प्रदेशले राष्ट्रिय युवा परिषद्संग

२ जना पूर्णकालीन सहजकर्ता माग गरी पत्राचार गर्नुपर्नेछ र राष्ट्रिय युवा परिषद्ले प्रशिक्षक प्रशिक्षण प्राप्त सहजकर्तामध्ये बाट २ जना पूर्णकालीन सहजकर्ता सिफारिस गरी पठाउने छ ।

- राष्ट्रिय युवा परिषद्बाट खटिएका सहजकर्तालाई सम्वन्धित प्रदेशले कार्यक्रम सञ्चालनको लागि प्राप्त ससर्त अनुदानबाट रा.प. तृतीय श्रेणीको कर्मचारीले पाउने नियमानुसारको  दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउनु पर्ने छ ।
- सहजकर्तालाई प्रत्येक सेसन सञ्चालन गरे वापत अर्थ मन्त्रालयको स्वीकृत नर्म्सको आधारमा केन्द्रीय प्रशिक्षकले पाउने सहजीकरण भत्ता तथा प्रशिक्षण सामग्री निर्माण खर्च समेत उपलब्ध गराउनु पर्ने छ ।
- यस कार्यक्रमका लागि आवश्यक नीतिगत र कानूनी  मार्गदर्शन, सहजीकरण आवश्यकतानुसार राष्ट्रिय युवा परिषद्बाट हुनेछ ।
- प्रदेश स्तरीय नमुना युवा सभा अभ्यास कार्यक्रम सम्पन्न भए पश्चात सम्वन्धित शाखा ले कार्यक्रमको बिस्तृत प्रतिवेदन राष्ट्रिय युवा परिषद्को मेल ठेगाना क्षलायरलथअ.नयख.लउ सुचना प्रविधि शाखामा तथा प्रदेश युवा परिषद् वा सामाजिक विकाश मन्त्रालयमा पठाउनु पर्ने छ । प्रतिवेदनमा कम्तिमा निम्न कुराहरु समावेश गर्नु पर्ने छ ।
  १. कार्यक्रम सञ्चालनको उद्देश्य
  २. अपनाइएको प्रकृया
  ३. बजेट बांडफाड र खर्चको यथार्थ अवस्था
  ४. प्रदेश स्तरीय नमुना युवा सभा अभ्यास कार्यक्रममा सहभागि हरुको नामावली
  ५. कार्यक्रमको उपलब्धि
  ६. कार्यक्रम सञ्चालनका समस्या तथा चुनौतिहरु
  ७. सुधारका लागि सुझावहरु

### २. नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम

सबै प्रदेशहरुले आफ्ना सबै जिल्ला भित्रका पालिकाहरुका नवउद्यमी युवा पहिचान तथा प्रोत्साहन कार्यक्रम गर्न सार्वजनिक सूचना प्रकाशन गरी कम्तिमा १ वर्ष अघिबाट उद्यम सञ्चालन गरिरहेका नव उद्यमी युवाहरुबाट निवेदन आह्वान गर्नुपर्नेछ । नविन ज्ञान सिप प्रविधि र क्षमता प्रयोग गरी वस्तु वा सेवा उत्पादन गर्ने लघु घरेलु साना तथा मझौला उद्योग फर्म वा कम्पनीलाई यस प्रतिस्पर्धामा सहभागी गराउनु पर्ने छ । प्राप्त निवेदनको छानविनका लागि स्थलगत अनुगमन निरीक्षण र सत्यापनसमेत गर्नु पर्ने छ । प्रदेश बाट छनौट भई आएका नव उद्यमीहरु बीच राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गराइने भएको हुदा प्रदेशले २०८० साल पौष मसान्त भित्र यो कार्यक्रम सम्पन्न गरिसक्नु पर्नेछ ।प्रदेश स्तरमा छनोट भएका पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्ने नवउद्यमी युवालाइ संघीय स्तरको प्रतिस्पर्धाका लागि सिफारिस सहित पठाउनुपर्नेछ ।

यस कार्यक्रमका लागि विनियोजित ससर्त अनुदान रकमबाट प्रदेश स्तरमा सञ्चालन हुने कार्यक्रममा पुरस्कार वितरण, सूचना प्रकाशन, समन्वय, अनुगमन मूल्याङ्कन निरीक्षण सत्यापन, प्रमाणपत्र, व्यवस्थापन लगायतका लागि खर्च गर्नुपर्नेछ । प्रथम, द्वितीय, तृतीय नवउद्यमीहरूलाई क्रमश रू १०००००।-, ७५०००।-, र ५००००।- पुरस्कार प्रदान गर्नु पर्ने छ । मूल्याङ्कनका आधारहरु राष्ट्रिय युवा परिषद्बाट तयार गरी पछि पठाइने छ ।

### ३. युवामैत्री स्थानीय तह विकास तथा प्रोत्साहन कार्यक्रम

स्थानीय तहलाई युवामैत्री स्थानीय तहको रूपमा विकास गर्न युवा मैत्री स्थानीय तह दिग्दर्शन २०८० मा उल्लेखित सूचकका आधारमा स्थानीय तहको मूल्याङ्कन गरी पुरस्कृत गर्नु पर्ने छ । युवा मैत्री स्थानीय तह दिग्दर्शन २०८० राष्ट्रिय युवा परिषद्को वेवसाइडमा राखिएको छ ।

### ३. युवा बैज्ञानिक सम्मेलन

वैज्ञानिक खोज, अध्ययन, सर्वेक्षण, अनुसन्धान कार्यलाई प्रोत्साहित गर्न युवा वैज्ञानिकहरूको अनुभव आदानप्रदान तथा वैज्ञानिक खोज, अध्ययन, सर्वेक्षण, अनुसन्धानको प्रदर्शनीको आयोजना गरी उक्त कार्यको प्रभावकारिता र महत्व सम्बन्धमा प्रचारप्रसार गरी युवा विकासमा उपयोग गर्ने वातावरण तयार गर्नु  यो कार्यक्रमको व्यवस्था भएको हो।

हरेक वर्ष युवा बैज्ञानिक सम्मेलनको आयोजना कुनै १ प्रदेशको नेतृत्वमा सम्पन्न गर्दै जाने लक्ष्य अनुसार आव २०७९/८० मा सुदुर पश्चिम प्रदेशको नेतृत्वमा घनगढीमा युवा वैज्ञानिक सम्पन्न भएकोमा चालु आव २०८०/८१ मा सम्मेलन आयोजना गर्नकोलागि कर्णाली प्रदेशमा वजेट विनियोजन भएको छ । प्रदेशमा विनियोजित वजेटबाट युवा बैज्ञानिकहरूले अनुसन्धान तथा आविस्कार गरेका प्रविधिहरूको प्रदर्शनको आयोजनागर्ने, वैज्ञानिक विषयमा वहस छलफलन सञ्चालन गर्ने जस्ता कार्यमा खर्च गर्नुपर्नेछ । यसरी सम्मेलनको आयोजना गर्दा सकेसम्म देशभरका प्रतिभावान युवा बैज्ञानिकहरूलाई समेट्ने प्रयास गर्नु पर्ने छ ।

# युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५

स्वीकृत मितिः २०७५/०६/०७
पहिलो संशोधन २०७६/०२/०७
दोस्रो संशोधन २०७६/०५/२६

**प्रस्तावनाः** राष्ट्रिय युवा परिषद ऐन २०७२ ,राष्ट्रिय युवा नीति २०७२ तथा युवभिजन २०२५ को मर्म र भावनालाई आत्मसात गर्दै समृद्ध राष्ट्र निर्माणको आधारस्तम्भको रुपमा रहेका नेपाली युवा वर्गको नेतृत्व तथा क्षमता विकास गरी देशको शासन सञ्चालन प्रणाली र सुशासन सम्बन्धमा युवालाई सुसूचित र सशक्तीकरण गर्दै उनीहरुको सर्वाङ्गीण विकासका लागि युवामैत्री नीति , योजना , कार्यक्रम र प्राथमिकता निर्धारण गर्न, युवालक्षीत उद्देश्य प्राप्तिका लागि राज्यलाई पृष्ठपोषण दिन तथा सकारात्मक बातावरण निर्माण गर्न, युवाका मुद्दाहरुको बहस पैरवी केन्द्रको रुपमा विकास गर्न, युवालाई सामाजिक दायित्व र कर्तव्य प्रति जिम्मेबार बनाउनका लागि स्थानीय तहका हरेक बडामा स्वयंसेबकीय सञ्जालको रुपमा युवाक्लब गठन तथा युवा संसदको नमूना अभ्यासका माध्यमबाट युवा परिचालन गर्ने उद्देश्यले नेपाल सरकारले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम " युवा क्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि - २०७५" रहेको छ ।

(२) यो कार्यबिधि राष्ट्रिय युवा परिषदले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "युवा क्लब" भन्नाले स्थानीय तहको प्रत्येक बडामा गठन भएको १६-२४ वर्ष उमेर समूहका युवा सदस्यहरु रहेका यसै कार्यविधि बमोजिम गठित युवा क्लबलाई सम्झनुपर्छ ।

(ख) "युवा संसद" भन्नाले १६ देखि २४ वर्ष सम्मका बडास्तरीय युवाक्लबका सदस्यहरु तथा तोकिएको निकायबाट छनौट भई आएका युवा प्रतिनिधिहरुबाट सञ्चालन हुने नमूना संसदीय अभ्यासका लागि गठन गरिने संसदलाई सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(घ) "परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

(ङ) "युवा" भन्नाले राष्ट्रिय युवा परिषद ऐनले परिभाषित गरेको उमेर समूहको युवा सम्झनुपर्छ ।

(च) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय युवा परिषदको कार्यकारी समिति सम्झनुपर्छ ।

(छ) "उपाध्यक्ष" भन्नाले परिषद्को कार्यकारी उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ज) "प्राथमिकताको समूहका युवा" भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम र पिछडिएको क्षेत्रका युवालाई सम्झनुपर्छ ।

(झ) "विशेष प्राथमिकताको समूहका युवा" भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख र अल्पसङ्ख्यक युवालाई सम्झनुपर्छ ।

(ञ) "द्वन्द्वपिडित युवा" भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम २०५२ सालदेखि २०६३ मंसीर ५ गतेसम्म नेपालमा भएको सशस्त्र द्वन्द्व र पछिल्ला समयका द्वन्द्वपिडित परिवारका युवालाई जनाउनेछ ।

(ट) "जोखिममा रहेका युवा " भन्नाले राष्ट्रिय युवा नीति २०७२ बमोजिम एच.आई.भी.एड्स सङ्क्रमित , बेचबिखनमा परेका, प्राकृतिक विपदमा परेका, लागू औषध प्रयोगकर्ता, यौन व्यवसायमा संलग्न, सडकमा रहेका, मुक्त कमैया परिवारका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई सम्झनुपर्छ ।

(ठ) "अपाङ्गता" भएका युवा" भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपाङ्गता , दृष्टिविहिन, बहिरा तथा फरक क्षमता राख्ने युवालाई सम्झनुपर्छ ।

(ड) "सीमान्तकृत" भन्नाले राजनैतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका , विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानुन बमोजिमको मानव विकासको स्तरभन्दा न्युन स्थितिमा रहेका अति सिमान्तकृत र लोपोन्मुख समुदाय समेतका युवालाई सम्झनुपर्छ ।

(ढ) "अल्पसङ्ख्यक समुदायका युवा" भन्नाले भौगोलिक विकटता, जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैरराज्यका सेवा सुविधाबाट वञ्चित , सीमान्तकृत तथा राष्ट्रिय विकासको मूल प्रवाहमा आउन नसकेका अन्य युवालाई सम्झनुपर्छ ।

(ण) "राष्ट्रपति" भन्नाले युवा संसदले निर्वाचित गरेको राष्ट्रपतिलाई सम्झनुपर्छ ।

(त) "संसदीय दलको नेता" भन्नाले युवा संसदमा हुने सत्तापक्षीय संसदीय दलको नेतालाई सम्झनुपर्छ ।

(थ) "सभापति" भन्नाले युवा संसदमा रहने विषयगत समितिका सभापतिलाई सम्झनुपर्छ ।

(द) "सभामुख" भन्नाले युवा संसदको अध्यक्षता गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

(ध) "प्रधानमन्त्री" भन्नाले युवा संसदबाट निर्वाचित प्रधानमन्त्रीलाई सम्झनुपर्छ ।

(न) "प्रमुख प्रतिपक्षी दलका नेता" भन्नाले युवा संसदमा रहेको प्रमुख प्रतिपक्षी दलको नेतालाई सम्झनुपर्छ ।

(प) "संसदीय समिति" भन्नाले युवा संसद अन्तर्गत सरकार तथा सांसदले संसदमा पेश गरेका बिभिन्न विधेयक तथा प्रस्तावहरु माथि छलफल तथा सुझाव दिन गठित सँसदको विषयगत समितिहरुलाई सम्झनुपर्छ ।

(फ) "महासचिव" भन्नाले युवा संसदको सभामुखको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त व्यक्तिलाई सम्झनुपर्छ ।

(ब) "सचिव" भन्नाले युवा संसदमा महासचिवको सिफारिसमा सभामुखबाट नियुक्त हुने व्यक्तिलाई सम्झनुपर्छ ।

(भ) "मन्त्री" भन्नाले युवा संसदले बनाएको युथभिजन २०२५ मा उल्लेखित युवा विकासका पाँच आधारस्तम्भहरुसंग सम्बन्धित विभागीय मन्त्री लगायत अन्य मन्त्रीहरुलाई सम्झनुपर्छ ।

(य) "रुलिङ" भन्नाले युवा संसदका सभामुखले दिएको निर्देशनलाई सम्झनुपर्छ ।

(र) "नीति तथा कार्यक्रम" भन्नाले युवा संसदमा राष्ट्रपतिबाट युवा विकासका लागि प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमलाई सम्झनुपर्छ ।

(ल) "राष्ट्रिय युवा नीति" भन्नाले नेपाल सरकारबाट जारी राष्ट्रिय युवा नीति २०७२ सम्झनुपर्छ ।

(व) "युथभिजन" भन्नाले नेपाल सरकारले जारी गरेको युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना सम्झनुपर्छ ।

(स) "मर्यादा पालक" भन्नाले युवा संसदमा सुरक्षा व्यवस्थापनामा खटिएका कर्मचारीलाई सम्झनुपर्छ ।

(ष) "रोस्टम" भन्नाले युवा संसदका सदस्य तथा अन्य पदाधिकारीहरुले उभिएर बोल्ने वा संबोधन गर्ने स्थानलाई सम्झनुपर्छ ।

(स) "सदन" भन्नाले युवा संसद चलेको बैठकलाई सम्झनुपर्छ ।

(ह) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

## परिच्छेद – २
## युवा क्लबको गठन प्रक्रिया काम कर्तव्य र अधिकार

### ३. युवाक्लबको गठन

(१) स्थानीय तहको प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासदस्यको संरक्षकत्वमा युवाक्लब गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने युवाक्लबमा सम्बन्धित वडा भित्रका १६ देखि २४ वर्ष उमेर समूहका सम्पूर्ण युवाहरु युवाक्लबका साधारण सदस्य हुन सक्नेछन् । यसका लागि सम्बन्धित वडासमितिले तोकेको समयभित्र उक्त उमेर समूहका युवाले सदस्यताका लागि सम्बन्धित वडासमितिको सचिवालयमा उमेर र ठेगाना खुलेको प्रमाण सहित दर्ता गर्नुपर्नेछ । युवाक्लबका साधारण सदस्य चौंविस वर्ष उमेर पुरा भएपछि उक्त युवाक्लबको सदस्य रहनेछैन ।

(३) हरेक वडमा गठन हुने वडास्तरीय युवाक्लब कार्यसमितिमा देहायका युवालाई सदस्यको रुपमा सम्बन्धित वडा समितिले मनोनित गर्नेछ ।

क. प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना ।

ख. विशेष प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना ।

ग. स्थानीय उद्यमी युवाहरु मध्येबाट एकजना

घ. युवा पत्रकारहरु मध्येबाट एकजना

ङ. स्थानीय खेलाडीहरु मध्येबाट एकजना

च. स्थानीय कलाकारहरु मध्येबाट एकजना

छ. स्थानीय सहकारीमा आबद्ध युवाहरु मध्येबाट एकजना

ज. स्थानीय समुदायमा आधारित संस्थाहरुको प्रतिनिधि युवा एकजना

झ. वडा भित्रका मेधावी विद्यार्थीहरुमध्येबाट एकजना महिला सहित २ जना

ञ. वडापालिकाले खुला समूहबाट मनोनित गरेका युवा ५ जना

(४) युवाक्लबका सदस्यहरुले अध्यक्ष , उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आँफूहरु मध्येबाट छनौट गर्नेछन् । उपर्युक्तानुसारको वडाक्लबको कूल सदस्य संख्यामा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

राष्ट्रिय युवा परिषद्-नेपाल २०७२

(५) युवाक्लबका सदस्य चयन गर्नका लागि वडासमितिले यससम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

(६) युवाक्लबका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । युवाक्लबका पदाधिकारीको उमेरको कारण पद रिक्त भएमा उक्त व्यक्ति जुन क्षेत्रबाट प्रतिनिधित्व गरेको हो सोही क्षेत्रबाट मनोनित गर्ने निकायले बाँकी अवधिका लागि मनोनित गरी पदपूर्ति गर्नेछ ।

(७) वडास्तरीय युवाक्लबको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ ।

**४. युवाक्लबको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(ख) स्थानीय तहसंग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माणमा सहभागी भई युवामैत्री कार्यक्रम निर्माण र कार्यान्वयनमा पैरवी र सहयोग गर्ने ।

(ग) स्थानीय तहमा सञ्चालन हुने सरसफाइ , वातावरण संरक्षण , बालअधिकार , मानव अधिकार , महिला अधिकार , शैक्षिक कार्यक्रम , सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियता पूर्वक सहभागी भई कार्यक्रम सफल बनाउन सहयोग गर्ने ।

(घ) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति गाउँपालिका तथा नगरपालिकासंगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(ङ) राष्ट्रिय युवा परिषद र मातहतका निकायहरुमार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षीत कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(च) दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्बयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने ।

(छ) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडासमितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

(ज) राष्ट्रिय युवा परिषद वा प्रदेश युवा परिषद र स्थानीय तहबीच समन्वय र सहकार्य गरी युवालक्षीत कार्यक्रमहरु सञ्चालन गर्ने ।

(झ) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा टेवा पुर्याउने ।

(ञ) दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी यसको कार्यान्वयनमा युवा परिचालन गर्ने

**परिच्छेद - ३**

## युवा संसद गठनको उद्देश्य र निर्माण प्रक्रिया

**(५) युवा संसद गठनको उद्देश्य :**

क. युवाको नेतृत्व तथा क्षमता विकासमा सहयोग गर्ने ।

ख. युवाको सीपविकास तथा व्यक्तित्व विकास मा सहयोग पुर्याउने

ग. नेपालको शासन प्रणाली र यसको विकास प्रक्रियाका बारेमा युवालाई सुसूचित गर्ने

घ. युवामैत्री राष्ट्रिय नीति , योजना र कार्यक्रम निर्माणका लागि राज्यलाई सुझाव दिई सकारात्मक वातावरण निर्माण गर्ने ।

ङ. युवालाई विषयगत दक्षता हासिल गरी सो क्षेत्रको नेतृत्व र पैरवी गर्न सक्षम बनाउने ।

च. प्राथमिकता प्राप्त युवालाई राज्यको मूल प्रवाहमा ल्याउने ।

छ. राज्यका तल्लो तह गाउँ तथा नगरलाई युवामैत्री बनाउने तथा दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो परिवेशमा स्थानीयकरण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेल्ने ।

ज. युवालाई अधिकार र कर्तव्य प्रति सजग गराउँदै राष्ट्रनिर्माणमा उत्प्रेरित गर्ने ।

झ. राष्ट्रिय युवा नीति तथा युथभिजनमा परिलक्षीत योजना र कार्यक्रमलाई साकार बनाई नेपाली युवाको सर्वतोमुखी विकासमा सहयोग पुर्याउने ।

**(६) नमूना युवा संसद निर्माण प्रक्रिया :**

(क) नमूना युवा संसदको अभ्यास प्रत्येक स्थानीय तह, प्रदेश तह र संघीय तहमा गर्न सकिनेछ ।

(ख) युवा संसदको आकार र प्रतिनिधित्व देहाय बमोजिम हुनेछ

**(१) स्थानीय तहको युवा संसद :**

क. प्रत्येक स्थानीय तहको वडामा गठन भएको वडाक्लबहरु मध्ये गाउँपालिकाका प्रत्येक वडाबाट तीन-तीन जनाका दरले र नगरपालिका , उपमहानगरपालिका र महानगरपालिकाका प्रत्येक वडाबाट न्युनतम् एकजना महिला सहित दुई-दुई जनाका दरले सम्बन्धित वडाक्लब कार्यसमितिले छानी पठाएका वडाक्लबका सदस्यहरु रहेको गाउँ/नगर युवाक्लब सञ्जालका साधारण सदस्यहरु रहनेछन् । गाउँ/नगर युवाक्लब सञ्जालका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

ख. खण्ड (क) बमोजिमको युवाक्लब सञ्जालका साधारण सदस्यहरुले आँफूहरु मध्येबाट एघार सदस्सीय गाउँ/नगर स्तरीय युवाक्लब सञ्जाल कार्यसमिति गठन गर्नेछन् ।

ग. खण्ड (ख) बमोजिम गठित गाउँ/नगर युवाक्लब सञ्जाल कार्यसमितिमा न्युनतम् पचास प्रतिशत महिला सहित प्राथमिकता र विशेष प्राथमिककताका क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी युवा प्रतिनिधिहरु रहनेछन् ।

घ. खण्ड (क) बमोजिमका गाउँ/नगर युवाक्लब सञ्जालका साधारण सदस्यहरु सबै गाउँ/नगर युवा संसदका प्रतिनिधि हुनेछन् ।

ङ. खण्ड (घ) बमोजिमका प्रतिनिधिहरुका अतिरिक्त गाउँ/नगर युवा संसदमा गाउँपालिकाको हकमा बढीमा पाँच जना सम्म र नगरपालिका ,उप-महानगरपालिका र महानगरपालिकाको हकमा बढीमा सात जनासम्म गाउँ/नगर युवा परिषदको सिफारिसमा गाउँ/नगरपालिकाले थप युवा प्रतिनिधि मनोनित गर्नेछ ।

च. स्थानीय युवा संसदको बैठक सञ्चालनको समयमा पर्यवेक्षकका रुपमा स्थानीय तहका सबै जनप्रतिनिधिहरु , सम्बन्धित वडाका संघीय सँसद सदस्य , प्रदेशसभा सदस्य , गाउँ/नगर युवा परिषदका पदाधिकारीहरु , कार्यालय प्रमुखहरु , विद्यालयका प्र.अ./प्राचार्यहरु , स्थानीय संघसंस्थाका प्रमुखहरु तथा युवा सँसदमा प्रतिनिधि हुने युवाका अभिभावकहरु रहनेछन् ।

**(२) प्रदेश युवा संसदः**

क. *प्रत्येक गाउँ नगर युवाक्लब सञ्जाल कार्यसमितिका सदस्यहरुले आँफुहरुमध्येबाट छानी पठाएका/ न्यूनतम एक जना महिलासहित दुईजना युवा प्रतिनिधिहरु सम्मिलित प्रदेश युवाक्लब सञ्जालका साधारण सदस्य हुनेछन् ।* प्रदेश युवाक्लब सञ्जालका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

ख. खण्ड (क)बमोजिमको प्रदेश युवाक्लब सञ्जालका साधारण सदस्यहरुले आँफूहरु मध्येबाट प्रदेश नमुना युवा संसदका प्रधानमन्त्री, सभामुख र प्रमुख प्रतिपक्षी दलका नेता सहित एघार सदस्सीय प्रदेश युवाक्लब सञ्जाल कार्यसमिति गठन गर्नेछन् ।

ग. खण्ड (ख) बमोजिम गठित प्रदेश युवाक्लब सञ्जाल कार्यसमितिमा न्युनतम् पचास प्रतिशत महिला सहित प्राथमिकता र विशेष प्राथमिककताका क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी युवा प्रतिनिधिहरु रहनेछन् ।

घ. खण्ड (क) बमोजिमका प्रदेश युवाक्लब सञ्जालका साधारण सदस्यहरु सबै प्रदेश युवा संसदका प्रतिनिधि हुनेछन् ।

ङ. खखण्ड (घ) बमोजिमका प्रतिनिधिहरुका अतिरिक्त प्रदेश युवा संसदमा प्रदेश युवा परिषदको सिफारिसमा प्रदेश स्थित सामाजिक विकास मन्त्रालयले मनोनित गरेका दुई जना र राष्ट्रिय युवा परिषदले सम्बन्धित प्रदेशबाट १६-२४ वर्ष उमेर समूहका इच्छुक युवाहरु मध्येबाट खुला प्रतिस्पर्धाका आधारमा छनौट गरेका आठजना युवाहरु प्रतिनिधि हुनेछन् ।

च. प्रदेश युवा संसदको बैठक सञ्चालनको समयमा पर्यवेक्षकका रुपमा नीति निर्माण प्रक्रियामा प्रत्यक्ष सहभागी हुने व्यक्तित्वहरु मध्ये गाउँपालिका तथा नगरपालिकाका प्रमुखहरु, सम्बन्धित प्रदेश भित्रका प्रतिनिधिसभा

एवं राष्ट्रिय सभाका सदस्यहरु , प्रदेशसभा सदस्यहरु , प्रदेश युवा परिषदका पदाधिकारीहरु , प्रदेश स्तरका कार्यालय प्रमुखहरु , प्रदेश युवा परिषदका पदाधिकारीहरु , विश्वविद्यालयका उपकुलपति/रेक्टर/रजिष्ट्रार लगायतका उच्चपदस्त पदाधिकारीहरु, प्रदेशस्तरीय मन्त्रालयका सचिवहरु र प्रदेश युवा सँसदमा प्रतिनिधि हुने युवाका अभिभावकहरु रहनेछन् ।

**(३) संघीय युवा संसदः**

*क. संघीय तहमा प्रत्येक प्रदेश युवाक्लब सञ्जाल कार्यसमितिले उक्त सञ्जालका साधारण सदस्यहरु मध्येबाट* गाउँ/नगर युवाक्लब सञ्जालबाट छनौट भई आएका न्युनतम् पाँचजना प्रतिनिधि सहित छानी पठाएका सातजना युवा प्रतिनिधिहरु संघीय युवाक्लब सञ्जालका साधारण सदस्य हुनेछन् । संघीय युवा क्लब सञ्जालका सदस्यहरुको पदावधि दुईवर्षको हुनेछ ।

*क. (१) संघीय नमूना युवा संसदमा १६-२४ वर्ष उमेर समूहका इच्छुक युवाहरुबाट खुला प्रतिस्पर्धाका आधारमा २१ जना छनौट हुनेछन् ।*

ख. खण्ड (क) बमोजिमको संघीय युवाक्लब सञ्जालका साधारण सदस्यहरुले आँफुहरु मध्येबाट संघीय नमूना युवा संसदका प्रधानमन्त्री सभामुख र प्रमुख प्रतिपक्षी दलका नेता सहित एघार सदस्सीय संघीय युवाक्लब सञ्जाल कार्यसमिति गठन गर्नेछन् ।

ग. खण्ड (ख) बमोजिम गठित संघीय युवाक्लब सञ्जाल कार्यसमितिमा न्युनतम् पचास प्रतिशत महिला सहित प्राथमिकता र विशेष प्राथमिककताका क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी युवा प्रतिनिधिहरु रहनेछन् ।

*घ. खण्ड (क) बमोजिमका संघीय युवाक्लब सञ्जालका साधारण सदस्यहरु र खण्ड क(१) बमोजिमका युवाहरु सबै संघीय युवा संसदका प्रतिनिधि हुनेछन् ।*

ङ. खण्ड (घ) बमोजिमका प्रतिनिधिहरुका अतिरिक्त संघीय युवा संसदमा राष्ट्रिय युवा परिषदले मनोनित गरेका थप दशजना युवा प्रतिनिधि समेत रहनेछन् ।

ङ. संघीय युवा संसदको बैठक सञ्चालनको समयमा पर्यवेक्षकका रुपमा नीति निर्माण प्रक्रियामा प्रत्यक्ष सहभागी हुने व्यक्तित्वहरु मध्ये नेपाल सरकारका प्रधानमन्त्री , मन्त्रीगण , सभामुख , प्रतिनिधि सभा र राष्ट्रिय सभाका युवा सांसदहरु , नेपाल सरकारका सचिवहरु , राष्ट्रिय युवा परिषदका पदाधिकारीहरु , युथभिजन २०२५ निर्माण कार्यदलका सदस्यहरु , विश्वविद्यालयका उपकुलपतिहरु र संघीय युवा संसदका युवा प्रतिनिधिका अभिभावकहरु रहनेछन् ।

७. यस कार्यविधि बमोजिम सबै स्थानीय तहका सबै वडाहरुमा वडास्तरीय युवाक्लबहरु गठन नभएको अवस्थामा पनि युवा संसदको नमूना अभ्यास वडास्तरीय युवा क्लबहरु आँशिक वा पूर्ण रुपमा गठन भएका स्थानीय तहबाट मात्र प्रतिनिधित्व हुने गरी सञ्चालन गर्न बाधा पर्ने छैन ।

८. युवाक्लब सञ्जालको काम, कर्तव्य र अधिकार : गाउँ/नगर स्तर प्रदेश स्तर र संघीय स्तरमा गठन हुने युवाक्लब सञ्जालको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क. स्थानीय युवाक्लबको नेतृत्व क्षमता विकासमा सहयोग गर्ने ।

ख. युवालाई स्वयंसेवकीय कार्यमा लाग्न उत्प्रेरित गर्ने ।

ग. विपद व्यवस्थापन तथा सामाजिक अन्धविश्वास र कुरितिका विरुद्ध युवा परिचालनका लागि सहजीकरण गर्ने ।

घ. संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयनका लागि सहयोग गर्ने ।

ङ. युवामा सकारात्मक सोचको विकास, उद्यमशिलता र स्वरोजगारको भावना विकास गर्न सहयोग गर्ने ।

च. सम्बन्धित तह र क्षेत्र भित्रका युवाक्लब, सञ्जाल र सरकारहरु बीच समन्वय र सहकार्यको वातावरण तयार गर्ने ।

छ. सम्बन्धित तहका युवा संसदको नमूना अभ्यासका लागि प्रतिनिधि छनौट तथा व्यवस्थापन गर्ने ।

ज. दिगो विकासका लक्ष्यको स्थानीयकरण गरी सम्बन्धित क्षेत्रमा कार्यान्वयनका लागि सहजीकरण गर्ने ।

झ. राष्ट्रिय युवा परिषदले तोकेका अन्य काम गर्ने ।

## परिच्छेद – ४
## नमुना युवा संसदको अभ्यास

(९) नमुना युवा संसदको अभ्यास गरिने: यस कार्यविधिको दफा ९ (१) (२) (३) बमोजिम गठित सम्बन्धित तहको युवा सँसदका प्रतिनिधिहरुका बीचमा संसदीय अभ्यास प्रत्येक वर्ष चार दिवसीय कार्यक्रमको रुपमा देहाय बमोजिम सञ्चालन गरिनेछ । उक्त चार दिन मध्ये शुरुका तीन दिन युवा प्रतिनिधिहरुलाई प्रशिक्षण र अभ्यास गराइनेछ भने अन्तिम दिन नमूना युवा संसदको औपचारिक प्रस्तुति हुनेछ ।

(क) संघीय युवा संसदमा सदनको औपचारिक कारवाही शुरु हुनुपूर्व उमेरको हिसावले जेठ युवा साँसद सदस्यले राष्ट्रपति समक्ष पद तथा गोपनीयताको सपथ लिनेछन् र उनको अध्यक्षतामा सदनको बैठक बस्नेछ र उनले अन्य सबै सँसद सदस्यलाई पद तथा गोपनीयताको सपथ गराउनेछन् । कूल सँसद सदस्यहरु मध्येबाट एकजना राष्ट्रपति, एकजना उपराष्ट्रपति, एकजना सभामुख, एकजना उपसभामुख निर्वाचित हुनेछन् र यसको छनौट उपस्थित सदस्यसंख्याको बहुमतबाट हुनेछ । सभामुख र उपसभामुख मध्ये न्यूनतम् एकजना महिला युवा हुनुपर्नेछ । निर्वाचित सभामुखले राष्ट्रपति समक्ष र उपसभामुखले राष्ट्रपतिको समुपस्थितिमा सभामुख समक्ष पद तथा गोपनीयताको सपथ लिनुपर्नेछ । सपथ ग्रहणको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

(ख) कूल सदस्यसंख्याको ६० प्रतिशत सदस्य सत्तापक्षको रुपमा र बाँकी सदस्यहरु प्रतिपक्षी सौंसदको रुपमा रहनेछन् । यसको विभाजन सँसदको सभामुखबाट भौगोलिक क्षेत्र , लैङ्गिक र समावेशी आधारमा गर्नेछन् । यसको आधारमा उनीहरुले सोही बमोजिमको भूमिका निभाउनु पर्नेछ ।

(ग) सत्तापक्षबाट नमूना मन्त्रीपरिषद गठन हुनेछ । यसमा प्रधानमन्त्री लगायत अर्थ तथा योजना मन्त्री , शिक्षा तथा प्रविधि मन्त्री , उद्योग तथा रोजगार मन्त्री , स्वास्थ्य तथा सामाजिक सुरक्षा मन्त्री , युवा तथा खेलकुद मन्त्री समेत युथभिजन २०२५ मा उल्लेखित युवा विकासका लागि पाँच आधारस्तम्भलाई समेटिएको मन्त्रिपरिषद रहनेछ । युवा प्रधानमन्त्रीले राष्ट्रपति समक्ष र अन्य मन्त्रीले राष्ट्रपतिको समुपस्थितिमा प्रधानमन्त्री समक्ष पद तथा गोपनियताको सपथ लिनेछन् ।

(घ) प्रधानमन्त्रीबाट तयार भएको युवा विकास सम्बन्धी वार्षिक नीति तथा कार्यक्रम राष्ट्रपतिले नमूना युवा संसदमा प्रस्तुत गर्नेछन् । यस नीति तथा कार्यक्रममा विशेषतः विगतमा युवा विकासको क्षेत्रमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट भए गरेका कार्यहरुको समीक्षा तथा नयाँ आर्थिक वर्षका लागि प्रस्तावित युवालक्षीत योजना, कार्यक्रम, बजेट र अपेक्षित उपलब्धीको विस्तृत विवरण समावेश भएको हुनेछ ।

(ङ) खण्ड (घ) बमोजिम राष्ट्रपतिबाट प्रस्तुत युवालक्षित नीति तथा कार्यक्रममाथि खुला छलफलका लागि सभामुख मार्फत रुलिङ् हुनेछ । यसका लागि संसदको अध्यक्षले युवा सांसदहरु बीच भएको खुला छलफल तथा सुझावहरु समेटेर युवा संसदको कारबाहीको विस्तृत प्रतिवेदन तयार गर्नका लागि बहस नोट समिति गठन गर्नेछन् ।

(च) युवा सांसदमा नियुक्त वा मनोनित भई विभिन्न भूमिका निर्वाह गर्ने युवा सौंसदहरुले नमूना युवा संसदीय अभ्यासको क्रममा पालना गर्नुपर्ने आचारसंहिता जस्तै सदनमा बोलिने भाषा , लगाउने पोशाक, प्रस्तुतीकरण शैली, समय, स्थान, सञ्चारका साधनहरु, सम्बोधनका प्रकृति, जिम्मेवारी बाँडफाँड लगायतका विषयमा संसद आँफैले निर्धारण गर्न सक्नेछ ।

(छ) सौंसदहरुबाट छलफलको क्रममा उठेका प्रश्नका जवाफ दिन सभामुखले प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीलाई बोलाउनेछन् ।

(ज) नमूना युवा संसदको अभ्यास गर्नुपूर्व संसदका सदस्यहरुलाई संसदीय मामिलाका विज्ञहरुबाट आवश्यक अभिमुखीकरण तथा प्रशिक्षण सञ्चालन गर्न सकिनेछ । यस कार्यक्रमको संयोजन तथा व्यवस्थापन राष्ट्रिय युवा परिषदले गर्नेछ ।

(झ) माथि उल्लेख गरिएबमोजिमका संसदीय प्रक्रिया तथा क्रियाकलापहरु आवश्यकता र औचित्यका आधारमा गाउँ/नगर तथा प्रदेशस्तरमा सञ्चालन हुने नमूना युवा संसदमा पनि अभ्यास गर्न सकिनेछ ।

(१०) युवा संसदमा छलफलको आधार : दफा ११ को खण्ड (ङ) बमोजिम हुने छलफल विशेषतः नेपाल सरकारबाट जारी राष्ट्रिय युवा नीति २०७२ , युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना , नेपाल

सरकारको युवा सम्बन्धित वार्षिक नीति तथा कार्यक्रम र बजेट एवं सोको कार्यान्वयनका लागि चालिएका प्रयत्नहरु तथा अन्य समसामयिक विकास सम्बन्धी विषयहरु माथि केन्द्रित रहेर सञ्चालन हुनेछन् ।

(११) सम्बद्ध पदाधिकारीलाई आमन्त्रण गरिने : युवा संसदमा भएका छलफल , युवाका माग एवं आगामी दिनमा युवा विकासका लागि चालिनुपर्ने कदमहरुका बारेमा युवा साँसदहरुसंग साक्षात्कर गरी ऐक्यबद्धता जनाउन र सम्बोधन गर्नका लागि संघीय युवा संसदको छलफल कार्यक्रममा प्रधानमन्त्री , राष्ट्रिय योजना आयोगका सदस्य (युवा तथा रोजगार क्षेत्र हेर्ने) , युवा तथा रोजगार मन्त्री , संघीय प्रतिनिधिसभाका युवा साँसदहरु, राष्ट्रिय युवा परिषदका कार्यकारी उपाध्यक्ष, युथभिजन २०२५ निर्माण कार्यदलका संयोजक तथा युवा विकासका क्षेत्रमा क्रियाशील संघसंस्था तथा सञ्चारकर्मीहरुलाई आमन्त्रण गरिनेछ । त्यसैगरी प्रदेश युवा संसदमा प्रदेशका मुख्यमन्त्री विषयगत मन्त्रीहरु युवा साँसदहरु तथा युवासम्बद्ध निकायका पदाधिकारीहरुलाई आमन्त्रण गरिनेछ भने स्थानीय युवा संसदमा पनि स्थानीय गाउँ/नगर कार्यपालिकाका सदस्यहरु लगायत युवासम्बद्ध पदाधिकारीहरुलाई आमन्त्रण गरिनेछ ।

(१२) प्रतिवेदन तयार गरिने : युवा संसदको नमूना अभ्यास सम्पन्न भइसकेपछि युवा प्रतिनिधिहरुबाट प्राप्त नीतिगत र कार्यक्रमगत सुझावहरुलाई समेटेर युवा संसद निर्माण प्रक्रिया देखि संसदीय अभ्यास सम्पन्न हुँदासम्मका संपूर्ण क्रियाकलापहरु समावेश गरी विस्तृत प्रतिवेदन तयार गरिनेछ । यसरी संघीय युवा संसदीय अभ्यासको प्रतिवेदनलाई सुझावको रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय , राष्ट्रिय योजना आयोग, युवा सम्बद्ध मन्त्रालयहरु , राष्ट्रिय युवा परिषद र युवा सम्बद्ध संघसंस्थाहरुलाई एक-एक प्रति उपलब्ध गराउनु पर्नेछ ।त्यसैगरी प्रदेश तथा स्थानीय तहमा पनि सम्बन्धित तहका युवा सम्बद्ध निकाय तथा पदाधिकारीहरुलाई यो प्रतिवेदन उपलब्ध गराइनेछ । प्रतिवेदन पेश भइसकेपछि यसको विस्तृत अध्ययन गरी यसमा उल्लेखित रचनात्मक सुझावहरुलाई आत्मसात गरी राष्ट्रिय प्राथमिकताका साथ कार्यान्वियनमा ल्याउनु सम्बन्धित निकायहरुको दायित्व हुनेछ ।

## परिच्छेद – ५
## नमुना युवा संसद निर्देशक समिति

(१३) नमुना युवा संसद निर्देशक समिति गठन हुने : (१) यस कार्यविधि बमोजिम वार्षिक रुपमा सञ्चालन हुने युवा संसद गठन प्रक्रिया , प्रतिनिधि छनौट , अभ्यास तथा संघसंस्थाहरुसंग सहकार्य सम्बन्धी नीति निर्माण तथा कार्यक्रमगत समन्वय गर्न केन्द्रमा एक युवा संसद निर्देशक समिति रहनेछ । उक्त समितिको गठन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

अध्यक्ष - कार्यकारी उपाध्यक्ष, राष्ट्रिय युवा परिषद

सदस्य - सहसचिव (युवा विकास महाशाखा) युवा तथा खेलकुद मन्त्रालय

सदस्य - प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद

सदस्य - राष्ट्रिय युवा परिषद सदस्यहरु मध्येबाट एकजना महिला पर्ने गरी दुईजना

सदस्य - संघीय युवाक्लब सञ्जालका सदस्यहरु मध्येबाट कार्यकारी समितितिबाट मनोनित एकजना महिला सहित दुईजना प्रतिनिधि

सदस्य - कार्यकारी समितिले तोकेको युवा सम्बद्ध गैरसरकारी संस्थाका प्रतिनिधि दुईजना

सदस्य-सचिव — सम्बन्धित कार्यक्रम हेर्ने शाखा प्रमुख

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क. नमूना युवा संसदको नीति तथा मापदण्ड निर्धारण गर्ने ।

ख. वडास्तरीय युवा क्लव तथा युवा सम्बद्ध सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग समन्वय र सहकार्यको वातावरण निर्माण गर्ने ।

ग. नमूना युवा संसदका लागि स्रोत व्यवस्थापन गर्ने ।

घ. नमूना युवा संसदीय अभ्यासको अनुगमन एवं सहजीकरण गर्ने र आवश्यकतानुसार निर्देशन दिने ।

ङ. अन्य आवश्यक कार्य गर्ने ।

(३) निर्देशक तथा अनुगमन समितिको बैठक तथा निर्णय प्रक्रिया सम्बन्धी काम कारवाही समिति आँफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(१४) प्रदेश नमुना युवा संसद निर्देशक समिति :

(क) प्रदेश स्तरमा सञ्चालन हुने प्रदेश नमुना युवा संसदका गतिविधिको समन्वय सहजीकरण तथा आवश्यक मार्गनिर्देशनका लागि प्रत्येक प्रदेशमा एउटा प्रदेश नमुना युवा संसद निर्देशक समिति रहनेछ । उक्त समितिको काम काम प्रदेश युवा परिषदले गर्नेछ । प्रदेश युवा परिषद गठन नभएसम्मका लागि सो सम्बन्धी कार्य प्रदेश सामाजिक विकास मन्त्रालयले गर्नेछ । यसका लागि राष्ट्रिय युवा परिषदले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

(ख) खण्ड (क) बमोजिम गठित प्रदेश युवा संसद निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि सम्बन्धित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(१५) वडा युवाक्लब तथा नमुना युवा संसदका गतिविधि तथा कार्यक्रमहरुको अनुगमन तथा सहजीकरण स्थानीय स्तरमा गाउँ/नगर युवा परिषदले गर्नेछ । गाउँ/नगर युवा परिषद गठन नभएसम्मका लागि सो सम्बन्धी कार्य गाउँ/नगरपालिकाले तोकेको एकाइले गर्नेछ।

## परिच्छेद ६
## विविध

(१६) सहकार्य गर्न सक्ने : युवा संसदको निर्माणका लागि स्थानीय तहमा वडास्तरीय क्लबहरुको निर्माण , त्यसको क्षमता अभिवृद्धि, युवाक्लबको स्रोत व्यवस्थापन तथा नमूना युवा संसदको अभ्यास गरी युवाको नेतृत्व विकास तथा परिचालन गर्नका लागि परिषदले सम्बद्ध सरकारी तथा युवा सम्बद्ध गैरसरकारी निकाय तथा संघसंस्थाहरुसंग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

(१७) स्रोत व्यवस्थापन गर्न सक्ने : युवाक्लब गठन परिचालन तथा नमूना युवा संसदको अभ्यासका लागि संघीय प्रादेशिक र स्थानीय सरकारले आ-आफ्नो निकायमा रहेको मानवीय , भौतिक तथा आर्थिक स्रोत व्यवस्थापन गर्न सक्नेछ ।

(१८) सबैले सहयोग गर्नुपर्ने : यस कार्यविधिमा उल्लेख भएका काम , कर्तव्य र अधिकारका साथै वडास्तरीय युवाक्लब गठन तथा परिचालन , गाउँ/नगर, प्रदेश तथा संघीय युवा संसदको नमूना अभ्यासका लागि सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

(१८) (क) स्थानीय, प्रदेश र संघीय तहको नमूना युवा संसदको अभ्यासका लागि सम्बन्धित तहमा एकपटक प्रतिनिधि भई काम गरेको युवा पुनः सोही तहको लागि प्रतिनिधि बन्न सक्नेछैन ।

(१९) कार्यविधिको संशोधन : परिषदको सिफारिसमा मन्त्रालयले यस कार्यविधिको परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

(२०) बाधा अड्काउ फुकाउने : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा व्यवधान आइपरेमा परिषदको सिफारिसमा मन्त्रालयले कुनै निर्देशन तथा आदेश जारी गरी आवश्यक बाधा अड्काउ फुकाउन सक्नेछ ।

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२